घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:२०७६/७७

चलानी नं. ९५६

मिति:२०७६/०५/१७

विषय: उपभोक्ता समितिहरू गठन गरी जानकारी गराउन हुन ।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**श्री वडा कार्यालयहरू (सबै),**

घरपझोङ गाउँपालिका, मुस्ताङ ।

उपरोक्त सम्बन्धमा चालू आर्थिक वर्षमा तहाँ वडा अन्तर्गत परेका आयोजना सञ्चालन गर्नको लागि १ (एक) हप्ताभित्र उपभोक्ता समिति गठन गरि यस कार्यालयलाई जानकारी गराउनुहोला । यदि कुनै आयोजना उपभोक्ता समितिबाट सहज रूपमा सञ्चालन हुन नसक्ने देखिएमा सो व्यहोरा समेत लेखी पठाउनुहोला, त्यस्ता आयोजनाहरू गाउँ कार्यपालिकाको कार्यालयबाट कानून बमोजिम ठेक्का प्रकृयाबाट अगाडि बढाइनेछ । उपभोक्ता समितिको गठन तथा योजना सम्झौताको काम जति छिटो हुन सक्यो, त्यति नै छिटो आयोजना निर्माण सम्पन्न हुने भएकाले नियमानुसार समयसीमा भित्रै उपभोक्ता समितिहरू गठन गर्नुहुन यसै पत्रसाथ अनुरोध छ ।

नोट: यसै पत्रसाथ उपभोक्ता समिति गठन गर्दा ध्यान पु-याउनुपर्ने कुराहरू पाना (दुई) र माइन्यूट लेखनको नमूना पाना २ (दुई) समेत संलग्न राखिएकोछ ।

(नेत्रप्रसाद पौडेल)

**प्रमुख प्रशासकीय अधिकृत**

<u>उपभोक्ता समिति गठन गर्दा ध्यान पु-याउनु पर्ने विषयहरू</u>

<u>उपभोक्ता समिति भन्नाले:</u>

निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत/सम्भार गर्नको लागि आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

- उपभोक्ता समिति आयोजनास्थलमै गठन गरिनुपर्छ ।
- उपभोक्ता समितिमा ७ देखि ११ जना सदस्य रहन सक्दछन् ।
- उपभोक्ता समिति सर्वसम्मत तरिकाले गठन हुनुपर्छ । यसो हुन नसकेमा मात्रै वडा समितिका पदाधिकारी, कर्मचारीले उ.स. गठन गरी सोको जानकारी दिनुपर्छ ।
- उपभोक्ता समिति गठन हुन नसकेमा अन्य विकल्पद्वारा आयोजना गाउँ कार्यपालिकाको कार्यालय बाटै सञ्चालन गर्न सकिन्छ । उपभोक्ता समितिबाट गर्न नसकिने जटिल प्रकृतिका आयोजनाहरूको सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयमा लेखी पठाउनु पर्छ ।
- उ.स. को अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ महिला हुनुपर्ने र कूल सदस्य संख्याको ३३ प्रतिशत अनिवार्य महिला हुनुपर्छ ।
- <u>यस गाउँपालिकाको चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम बमोजिम प्रत्येक वडामा कम्तिमा १ (एक) वटा उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरू महिला मात्र हुनुपर्नेछ ।</u>
- उ.स. गठन हुँदा आम भेला बोलाउनु पर्छ ।
- आम भेलाको अध्यक्षता गा.पा. को अध्यक्ष/ उपाध्यक्ष/ वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यले गर्नुपर्छ ।अन्य व्यक्तिहरूबाट अध्यक्षता भएको आम भेला अमान्य हुनेछ ।
- आम भेलामा अनिवार्य रूपमा वडा सचिव उपस्थित भई माइन्यूट उठाउनु पर्ने र माईन्यूट प्रमाणित गर्नुपर्छ ।
- आम भेलामा उपस्थित उपभोक्ताहरूले योजनास्थलमा नै माईन्यूटमा उपस्थिति जनाई हस्ताक्षर गरेको हुनुपर्ने र उपभोक्ता समितिमा छनौट भएका सबै सदस्यहरूले निर्णयको महलमा आ-आफ्नो नाउँको छेऊमा दस्तखत गरेको हुनुपर्ने, सदस्य पङ्तिमा नाउँ मात्र राखेको अमान्य हुन्छ ।
- उ.स. का सबै सदस्यको नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नुपर्छ र प्रतिलिपीको पछाडि आफैले सक्कल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गर्नुपर्छ ।
- उपभोक्ताहरूले आयोजना कार्यान्वयनको लागि उ.स. लाई अख्तियारी प्रदान गरेतापनि आयोजनाको अनुगमन/ निरीक्षण तथा अन्य क्रियाकलापहरूमा उत्तरदायित्व रहिरहन्छ ।
- उपभोक्ता समिति सम्पूर्ण उपभोक्ताहरू प्रति उत्तरदायी हुनुपर्छ ।
- <u>उपभोक्ता समितिले काम ठेक्कामा लगाउन हुँदैन । त्यस्तो कार्य कानूनतः दण्डनीय हुनेछ ।</u>
- ठेक्काबाट गराउनुपर्ने योजना तथा कार्यक्रमहरू गाउँपालिकामा लेखी पठाउनु पर्नेछ । सो व्यहोरा लेखी आएमा गाउँपालिकाले कानून बमोजिम ठेक्कामा लगाउनेछ ।

- उपभोक्ता समिति स्वतः स्थानीय तहमा दर्ता हुने भएकाले यो एक वैधानिक संयन्त्र होः कामको गुणदोषका आधारमा उ.स. लाई कानून बमोजिम पुरूस्कृत वा दण्डीत गर्न सकिन्छ ।
- उपभोक्ता समितिहरूले **सार्वजनिक खरिद ऐन तथा नियमावलीका** अलावा प्रचलित सबै नेपाल कानून अवलम्बन गरि कार्य गर्नुपर्दछ ।
- उपभोक्ता समितिले नभएको कामको लागि भयो भनेर भुक्तानी लिएमा सरकारी बाँकी सरह असूल उपर हुन्छ ।
- उ.स. समावेशी प्रकृतिको हुनुपर्दछ । उ.स. का सबै सदस्यहरू साक्षर हुनपर्दछ ।
- सम्बन्धित आयोजना तथा कार्यक्रमहरू **विद्यालय व्यवस्थापन समिति,** नेपाल सरकारका विभिन्न निकायहरूमा दर्तावाला संघ तथा संस्था एवम् सहकारी संस्थाहरूबाट समेत कार्यान्वयन गर्न सकिन्छ । तर त्यस्ता संस्थाहरूबाट कार्यान्वयन गर्न समेत आम भेलाले प्रष्ट निर्णय गरी लेखीदिएको हुनुपर्दछ ।
- उपभोक्ता समितिले खाता खोल्दा ३ जनाः अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी खोल्नु पर्दछ र तीनै जना पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी संलग्न राख्नुपर्छ ।
- योजना सम्झौता गर्न आउँदा उपभोक्ता समितिको वैठकको निर्णय प्रतिलिपी र वडा कार्यालयको सिफारिस पत्र अनिवार्य आवश्यक पर्दछ ।

## <u>उपभोक्ता समितिमा को रहन मिल्दैन ?</u>

- स्थानीय तहका बहालवाला प्रतिनिधी
- राजनितिक दलको प्रतिनिधीको रुपमा स्थानीय तहको कुनै पनि पदमा बहाल व्यक्ति
- बहालवाला सरकारी कर्मचारी वा शिक्षक
- निर्माण व्यवसायी
- सरकारी पेश्की बेरुजु तिर्न बाँकी रहेका व्यक्ति
- फौजदारी अभियोगमा सजाय भुक्तान गरेको ३ वर्ष अवधि व्यतीत नभएको व्यक्ति
- सार्वजनिक सम्पत्ति हिनामिना गरेको व्यक्ति
- एउटा उपभोक्ता समितिको सदस्य रहेको व्यक्ति एकै समयमा दोहोरो समितिमा बस्न हुँदैन
- एक सगोल परिवारको एकजना भन्दा धेरै व्यक्ति एउटै उपभोक्ता समितिमा रहन हुँदैन।

-0-

घरपखाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुस्ताङ

## मानइन्यूट लेखनको नमूना

आज मिति २०७६ साल भदौ महिनाको १७ गते मनकामना गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष श्री रेशम बहादुर विष्टको अध्यक्षतामा बसेको आम भेलामा निम्नानुसार बमोजिमको उपस्थितिमा निम्न बमोजिमका निर्णयहरू भएका छन् ।

**उपस्थिति:**

Resham वडा अध्यक्ष: श्री रेशम बहादुर विष्ट
स्याउ वडा सदस्य: श्री स्याउमाया रम्झाली
काशी वडा सदस्य: श्री काशी विष्ट
वडा सदस्य: श्री ओमान थकाली
ज्ञान वडा सदस्य: श्री ज्ञानमाया ज्ञानी
वडा सचिव: श्री लेखनराम धामी

**अन्य उपस्थिति:**

एक श्री एकराम बराल: मनकामना बाबु समूहका अध्यक्ष
दुइमाया श्री दुइमाया रिमाल
श्री तीनप्रसाद चाललिसे
श्री पाँचबहादुर गुरूङ
श्री छक्कामाया बम: मनकामना आमा समूह अध्यक्ष
श्री सन्तकूमारी शान्ति
श्री सती विश्वकर्मा
Rammaya श्री राममाया सिजाली
Ashmita श्री अस्मिता थकाली
श्री काइला लामा: प्रधानाध्यापक: श्री नमूना आधारभूत विद्यालय, पिपलचौतारी
.....
.......

## प्रस्ताव तथा निर्णयहरू:

**निर्णय नं. १.**

यस वडा अन्तर्गत चालू आर्थिक वर्षमा मनकामना गाउँपालिकाद्वारा पालुङटार चौतारी मर्मत सम्भार शीर्षकमा विनियोजित बजेट रू २,००,०००|- (अक्षेरूपी रू दुई लाख) बाट चौतारी मर्मत सम्भारका लागि निम्न बमोजिमको उपभोक्ता समिति गठन गर्ने ।

Resham

Resham

निम्नः

एक १. अध्यक्षः श्री एकराम बराल

दुईमाया २. सचिवः श्री दुईमाया रिमाल

३. कोषाध्यक्षः श्री तीनप्रसाद चालिसे

४. सदस्यः श्री पाँचदत्त नेपाली

५. सदस्यः श्री छक्का बम

६. सदस्यः श्री सन्तकूमारी शान्ति

७. सदस्यः श्री सेती विश्वकर्मा

Rammaya ८. सदस्यः श्री राममाया सिजाली

९. सदस्यः श्री अस्मिता थकाली

निर्णय नं. २

चालू आर्थिक वर्षका लागि मनकामना गाउँपालिकाबाट यस वडा अन्तर्गत श्री नमूना ~~माध्यमिक~~ आधारभूत विद्यालयको छाना मर्मत शीर्षकमा विनियोजित बजेट रू. ५,००,०००|- (अक्षेरूपी पाँच लाख) बाट उल्लिखित विद्यालयको छाना मर्मत गर्ने कामको जिम्मा उपभोक्ता समिति गठन नगरिकन श्री नमूना आधारभूत विद्यालयकै विद्यालय व्यवस्थापन समितिलाई जिम्मा दिने ।

एक Rammaya Resham Shanti

दुईमाया